# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

संख्या: २०७७।०७८ मिति: २०७७।१२।१९
च.नं. ४९४८

श्री वडा अध्यक्ष ज्यू,
वडा कार्यालय, वडा नं. १ देखि १६ सबै, रत्ननगर नगरपालिका, चितवन ।

**विषय : ब्लक कार्यक्रम संचालनको लागि २ बालीवस्तु छनौट गरि पठाईदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, चितवनको च.नं. ७६४, मिति २०७७।१२।१७ गतेको प्राप्त प्रत्रानुसार रत्ननगर नगरपालिकामा आगामी आ.ब.२०७७।७८ मा कृषि तर्फ संचालन हुने व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रमका लागि २ (दुई) वटा बालीवस्तु छनौट गरि यथासिघ्र पठाउने विषयमा आर्थिक विकास समिति, रत्ननगर नगरपालिकाको मिति २०७७।१२।१८ गते बसेको बैठकको निर्णयानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय विभागीय मन्त्रीस्तर) को मिति २०७७।०६।०१ को निर्णयानुसार स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअलको अनुसुची १ अनुसारको राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली वस्तुहरु र जिल्लामा रहेको (तरकारी, धान, केरा र मौरी) जोन विकासलाई समेत सहयोग पुऱ्याउने तहाँ वडा अर्न्तगत संचालन गर्न सकिने ब्लक कार्यक्रमका लागि न्यूनतम क्षेत्रफल/संख्या पुग्ने २ (दुई) बालीवस्तुहरु छनौट गरि तपसिलको ढाँचामा विवरण मिति २०७७।१२।२२ गते भित्र पठाईदिनु हुन व्यहोरा अनुरोध छ । साथै परियोजना कार्यान्वयन म्यानुअलको अनुसुची १: राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली वस्तुहरु र ४.२.४ ब्लकको लागि क्षेत्रफल/संख्याको न्यूनतम आधार (तालिका ३) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा समेत अनुरोध छ ।

..........................
नि. प्रमुख प्रशासकिय अधिकृत

तपसिल

| क्र.सं. | बालीवस्तुको नाम | हालको बाली वस्तुको अनुमानित क्षेत्रफल (हेक्टर.) वा संख्या | २ बर्ष अवधिमा पुऱ्याउन सकिने अनुमानित क्षेत्रफल (हेक्टर.) वा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

नोट : १ हेक्टर - ३० कट्ठा

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा, रत्ननगर नगरपालिका सबै वडामा इमेल गरी जानकारी दिनुहुन ।

..........................
प्रविन लामा
कृषि विकास अधिकृत

कृषि तथा पशुपन्छी विकास मन्त्रालय (माननीय विभागीय मन्त्रीस्तर) को मिति २०७७/०६/०१ को निर्णयानुसार स्वीकृत

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन म्यानुअल
# Project Implementation Manual (PIM)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना व्यवस्थापन इकाई
खुमलटार, ललितपुर
२०७७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूचीहरु

### अनुसूची-१

(परिच्छेद २ को २.७, परिच्छेद ४ को ४.१.८ को घ (अ), ४.२.८ को घ (अ), ४.३.१०,४.४.१० र परिच्छेद ७ को ७.२.२ सँग सम्बन्धित)

राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली/वस्तुहरु

(१) धान
(२) मकै
(३) गहुँ
(४) तरकारी
(५) आलु
(६) सुन्तलाजात फलफूल
(७) स्याउ
(८) आँप
(९) केरा
(१०) दुध (गाई, भैसी)
(११) माछा
(१२) मासु (बाखा, बंगुर)
(१३) निर्यात प्रवर्द्धन बाली (कफी अलैची, अदुवा, बेसार)
(१४) दलहन/तेलहन बाली
(१५) मौरी

*नोटः परियोजनाका संभागहरु सञ्चालन गर्दा यी बाली वस्तुलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ।*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

४.२.४ **ब्लकको लागि क्षेत्रफल/संख्याको न्यूनतम आधारः** व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालनको लागि तालिका-३ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ।

तालिका ३: ब्लक विकास कार्यक्रम सञ्चालनका आधारहरु

| बाली/वस्तु | इकाई | भौगोलिक क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | तराई | पहाड | हिमाल | |
| खाद्यान्नबाली | हेक्टर | १५० | १०० | ५० | |
| आलु र तरकारी बाली | हेक्टर | ८० | ३० | २० | |
| दलहन, तेलहन, मसलाबाली, फलफूल आदि | हेक्टर | १०० | ७० | ३० | |
| मौरी | घार संख्या | १००० | १००० | ८०० | |
| कन्य तथा गोब्रे च्याउ | के. जी. | १०००० | १०००० | १०००० | च्याउको बीउ |
| सिताके च्याउ | मुढा संख्या | २५००० | २५००० | २५००० | |
| प्लास्टिक घरमा खेती | हेक्टर | १० | १० | ६ | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ६० | ४० | | |
| ट्राउट माछा (रसवे ) | वर्ग मिटर | ३००० | ३००० | २००० | |
| गाई | उन्नत संख्या | २०० | २०० | १५० | दैनिक २००० लिटर दुध संकलन गर्ने कृषक उद्यमी वा समूह सहकारी |
| | स्थानीय/वर्णशंकर संख्या | ६०० | ६०० | ३०० | |
| भैंसी | उन्नत संख्या | २०० | १५० | १२० | |
| | स्थानीय/वर्णशंकर संख्या | ४०० | ३०० | २५० | |
| बाखा | संख्या | ५००० | ५००० | ३००० | |
| बंगुर | संख्या | ५०० | ५०० | ३०० | माउ |

४.२.५ **ब्लकको संख्या र कार्यक्रम सञ्चालन अवधिः** प्रत्येक स्थानीय तहमा कम्तीमा २ वटा ब्लक छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ। यी ब्लकहरुमा सघनरुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती र साना कृषि औजार उकरण प्रवर्द्धन जस्ता कार्यक्रम बढीमा २ आर्थिक वर्षसम्म कार्यक्रम सञ्चालन हुनेछन्। प्रदेश सरकार र स्थानीय तहले स्थानीय सम्भाव्यताका बालीहरुमा दोहोरो नपर्ने गरी आफ्नो उपलब्ध स्रोत साधनबाट यस्तै किसिमको ब्लक कार्यक्रम सञ्चालन गर्न सक्नेछन् वा २ वर्षपछि यिनै ब्लकहरुलाई समेत निरन्तरता दिन सक्नेछन्। ब्लक छनौट र कार्यक्रम सञ्चालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरी गर्नु पर्नेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र चितवन

बागमती प्रदेश

भरतपुर, चितवन

प स: ०७७/७८

च नं ६६४

मिति- २०७७/१२/१७

विषय- विवरण उपलब्ध गराईदिने सम्वन्धमा ।

श्री भरतपुर महानगरपालिका, चितवन,
श्री रत्ननगर नगरपालिका, चितवन,
श्री खैरहनी नगरपालिका, चितवन,
श्री माडी नगरपालिका , चितवन,
श्री ईच्छाकामना गाउँपालिका, चितवन,
श्री कालिका नगरपालिका, चितवन
श्री राप्ती नगरपालिका, चितवन

प्रस्तुत विषयमा आ.व. २०७८/०७९ को लागि ताहा स्थानीय तहमा संचालन गर्न सकिने स्थानीय सम्भाव्यताका बालीहरुमा दोहोरोपना नपर्ने गरी तथा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रम लाई सहयोग पुग्ने गरी २ (दुई) वटा बालीवस्तुहरु छनोट गरी यथासिघ्र बिवरण उपलब्ध गराउने व्यवस्थाका लागि अनुरोध छ ।

बोधार्थ-
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना,
परियोजना कार्यान्वियन इकाई, चितवन ।

श्री कृषि शाखा
तु. प्रा.(?) ... गर्नाे
१२/१७

राजन ढकाल
प्रमुख
प्रमुख (अधिकृतस्तर नवौं)

रत्ननगर नगरपालिका
दर्ता नं....६६३०....
मिति:....२०७७/१२/१९

फोन नं ०५६ ५२०११५ Email: akcchitwan@gmail.com